# मरिण राजपत्र

**मरिण गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

**खण्ड ६ मरिण, असार २५ गते, २०८० साल संख्या २**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा(१) बमोजिम मरिण गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग १

## मरिण गाउँपालिका सिन्धुलीको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन ऐन, २०८०

**<u>प्रस्तावना:</u>**

मरिण गाउँपालिका, सिन्धुलीको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम मरिण गाउँपालिका सिन्धुलीको सभाबाट अनुमोदन गर्ने प्रयोजनार्थ यो ऐन पेश गरिएको छ ।

**<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस ऐनको नाम "मरिण गाउँपालिका, सिन्धुलीको विनियोजन ऐन, २०८०" रहेको छ।

(२) यो ऐन संवत् २०८० साउन १ गतेबाट प्रारम्भ हुनेछ ।

१. **<u>परिभाषा:</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधयेकमा,

क. "ऐन" भन्नाले मरिण गाउँपालिका सिन्धुलीको विनियोजन ऐन, २०८० लाई सम्झनु पर्दछ ।

ख. "कार्यपालिका" भन्नाले मरिण गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग. "गाउँपालिका" भन्नाले मरिण गाउँपालिकालाई सम्झनु पर्दछ ।

घ. "सभा" भन्नाले मरिण गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

ङ. "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ ।

२. **<u>आर्थिक वर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:</u>** (१) आर्थिक बर्ष २०८०/०८१ को निमित्त कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त अनुसूची (१) मा उल्लिखित चालू खर्च, पुँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ५५,९६,५१,८०१।- (अक्षरेपि पचपन्न करोड छयानब्बे लाख एकाउन्न हजार आठ सय एक मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **<u>विनियोजन:</u>** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित्त मरिण गाउँपालिका सिन्धुलीको गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको पच्चीस प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूबाट अर्को

एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।

(४) पुँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न तथा वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको पच्चीस प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा सभाको स्वीकृति लिनु पर्नेछ ।

मरिण गाउँपालिका

अनुसूची-१

(दफा ३ सँग सम्वन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | गाउँपालिका | १७८१४६८०१ | ९२२५५००० | - | २७०४०१८०१ |
| २ | | सशर्त अनुदान | २३४७५०००० | ५४५००००० | | २८९२५०००० |
| ३ | | ऋणको साँवा भुक्तानी | | | | |
| ४ | | लगानी (शेयर/ ऋण) | | | | |
| जम्मा | | | ४१२८९६८०१ | १४६७५५००० | | ५५९६५१८०१ |

प्रमाणीकरण मिति : २०८०/०३/२५

**आज्ञाले**
**विमर्स मुक्तान**
**अध्यक्ष**